आज मिति २०८२ मंसिर ०७ गते दिउँसो १:०० बजे भेरीगंगा नगर कार्यपालिकाको ९२ औँ बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठक कक्षमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायबमोजिमका निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

| | | |
|---|---|---|
| श्री यज्ञप्रसाद ढकाल | नगरप्रमुख | अध्यक्ष |
| श्री धनसरा बोहरा | उपप्रमुख | सदस्य |
| श्री दिनेश पुलामी मगर | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री चिरन्जिवी बुढा | वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| श्री जितबहादुर सुनार | वडा अध्यक्ष वडा नं. ३ | सदस्य |
| श्री गंगाबहादुर खत्री | वडा अध्यक्ष वडा नं. ४ | सदस्य |
| श्री प्रेमबहादुर सारु मगर | वडा अध्यक्ष वडा नं. ५ | सदस्य |
| श्री सन्त बहादुर डाँगी | का.वा. वडा अध्यक्ष वडा नं. ६ | सदस्य |
| श्री कर्णबहादुर मिजार | वडा अध्यक्ष वडा नं. ७ | सदस्य |
| श्री पुसे कामी | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| श्री ईश्वर पोखरेल | का.वा.वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| श्री विरबहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. १० | सदस्य |
| श्री जयबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ११ | सदस्य |
| श्री रामबहादुर डाँगी | अध्यक्ष वडा नं. १२ | सदस्य |
| श्री गणेश बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १३ | सदस्य |
| श्री शेरबहादुर कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री सहविर महर | कार्यपालिका सदस्य | सदस्य |
| श्री पवित्रा घर्ती | कार्यपालिका सदस्य | सदस्य |
| श्री गौमाया खत्री | कार्यपालिका सदस्य | सदस्य |
| श्री खगीसरा पुन मगर | कार्यपालिका सदस्य | सदस्य |
| श्री मानसिं परियार | कार्यपालिका सदस्य | सदस्य |
| श्री अमृता वि.सी. बिष्ट | कार्यपालिका सदस्य | सदस्य |
| श्री ओविसरा बस्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री मानबहादुर ठाडा | नि.प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**सहयोगी कर्मचारीहरु :**

| | |
|---|---|
| श्री सीता थापा | शाखा अधिकृत (अधिकृतस्तर सातौं) |
| श्री सरीता हमाल | सूचना प्रविधि अधिकृत |
| प्रकाश पौडेल | रोजगार संयोजक |
| श्री डिल कुमारी राना | कार्यालय सहयोगी |

| क्र.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | रोजगार शाखाको कार्यक्रम सम्बन्धमा |
| २. | वडा कार्यालयको भवन निर्माण सम्बन्धमा |
| ३. | नगरपालिका स्थापना दिवश सम्बन्धमा |
| ४. | प्रदेश सरकार सशर्त योजनाहरु सिफारिस गर्ने सम्बन्धमा |
| ५. | नगरपालिकाको संगठन संरचना ब्यबस्थापन सर्भेक्षण सम्बन्धमा |
| ६. | विविध सम्बन्धमा |

## मिति २०८२।०८।०७ गतेको ९२ औं नगर कार्यपालिका बैठकमा भएका निर्णयहरुः

**प्रस्ताव नं. १ : रोजगार शाखाको कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. १ : यस भेरीगंगा नगरपालिका अन्तर्गत रोजगार शाखाका प्रस्तावहरुलाई देहायबमोजिम हुने गरी सर्वसम्मतीले पारित गरियो ।**

**क:** संघ सरकारको सशर्त अनुदानमा आन्तरिक रोजगारी सिर्जना सम्बन्धमा रु ४,७२,००० रकम प्राप्त भएको र कार्यान्वयन गर्नका लागि शत प्रतिशत साझेदारी गर्ने भन्ने उल्लेख भएको सन्दर्भमा तथा हालसम्म पनि राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालन गर्नका लागि कुनै कार्यविधि प्राप्त नभएको र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०४।१८ गते च नं. ०५ को निर्णय कार्यान्वयन सम्बन्धमा लेखिएको पत्रानुसार यस नगरपालिकाको रोजगार सेवा केन्द्रको वार्षिक कार्यक्रम अन्तर्गत छुट्याइएको बजेटबाट न्युनतम् रोजागारीका कृयाकलाप सञ्चालन गर्न १३ जना सूचीकृत बेरोजगारहरुलाई तपसिलको क्रियाकलाप निम्न अनुसारका वडा समितिको निर्णय अनुसार आयोजना माग गरि सञ्चालन गर्ने ।

**तपसिल :**

| क्र सं. | वडा नं. | सहभागि श्रमिक | बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ६ जना | ४,५२,४००।- | संघ सरकारको बजेट शिर्षक २.७.२५.११७२ को रु ४,७२,००० र पालिकाको रोजगार सेवा केन्द्रको वार्षिक कार्यक्रम अन्तर्गतको रु ५,०८,२०० गरी जम्मा रु ९,८०,२००। |
| २ | २ | ७ जना | ५,२७,८००।- | |
| जम्मा | सम्बन्धित वडा कार्यालयले निर्णय गरी आयोजना छनोट गर्ने | १३ जना | ९,८०,२००।- | |

**ख :** न्युनतम् रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रममा सहभागी श्रमिकको ज्याला सम्बन्धमा नेपाल सरकारको न्यूनतम् ज्याला रु ७५४। कायम गरि यस नगरपालिकामा कार्यान्वयन गर्ने ।

**ग :** न्युनतम् रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रममा सहभागी श्रमिकको न्युनतम् कार्य दिन सम्बन्धमा न्युनतम् रोजगार कार्यक्रम सञ्चालनका लागि १०० दिन र मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि कम्तिमा ३० दिनको रोजगार कार्यक्रम सञ्चालन गर्ने ।

**घ :** यस नगरपालिकाको रोजगार सेवा केन्द्र अन्तर्गत बेरोजगारको सूचीबाट मात्र स्थानीय आयोजना, न्युनतम् रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रम लगाएत यस नगरपालिकामा संचालित विभिन्न कार्यक्रममा सहभागी गराउने ।

**ङ :** यस पालिकाको रोजगार सेवा केन्द्रको रोजगार व्यवस्थापन सूचना प्रणालीमा आर्थिक वर्ष २०८२/०८३ का लागि इन्ट्री भएका तपसिल बमोजिमका सूचीकृत बेरोजगारहरुको सूचीलाई अनुमोदन गर्ने ।

**तपसिल :**

| क्र सं. | वडा नं. | सूचीकृत बेरोजगार संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ४५७ जना | |

CamScanner

| | | | |
|---|---|---|---|
| २ | २ | ६०५ जना | |
| ३ | ३ | ३६९ जना | |
| ४ | ४ | ५३७ जना | |
| ५ | ५ | ७३७ जना | |
| ६ | ६ | २९१ जना | |
| ७ | ७ | २८८ जना | |
| ८ | ८ | २१६ जना | |
| ९ | ९ | ७०१ जना | |
| १० | १० | ६३५ जना | |
| ११ | ११ | ३८५ जना | |
| १२ | १२ | २८८ जना | |
| १३ | १३ | ४८६ जना | |
| जम्मा | | ५,९९५ जना | |

**प्रस्तव नं. २ : वडा कार्यालयको भवन निर्माण सम्बन्धमा ।**

**निर्णय नं. २ :** यस नगरपालिका अन्तर्गतका वडा नं. ३ र ७ को वडा कार्यालयको भवन निर्माणका लागि ठेक्का संझौता भएका आयोजनाको निर्माण कार्यलाइ पूर्णता दिन वडा नं. ७ को वडा कार्यालयको सम्पन्न कामका लागि यस नगरपालिकाको चालु खर्चको सवारी साधन शीर्षकमा रहेको बजेट रु १६ लाख संसोधन गरी भुक्तानी दिने साथै वडा नं. ७ को बाँकी काम सम्पन्न गर्न र वडा नं. ३ को वडा कार्यालयको भवन निर्माणको कार्य सुरु गर्न वडाको बजेट र हिउँदे अधिबेशनबाट बजेटको व्यवस्था गरी काम सुरु गर्ने र आगामी आब मा निर्माण कार्य सम्पन्न गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ३ : नगरपालिकाको स्थापना दिवश सम्बन्धमा ।**

**निर्णय नं. ३ :** मिति २०७१ मंसिर १६ गते नेपाल सरकारको निर्णय अनुसार यस भेरीगंगा नगरपालिकाको स्थापना भएकोले प्रत्येक वर्षको मंसिर १६ गतेका दिनलाई नगरपालिकाको स्थापना दिवशको रुपमा विविध कार्यक्रम गरी मनाउने र यस बर्ष नगरपालिकाको इतिहास र हालसम्मको अवस्था झल्कने गरी अभिलेख तयार गर्ने र भिडियो डकुमेन्ट्री बनाउने साथै पूर्ब तथा बर्तमान कर्मचारी र जनप्रतिनिधिहरु छनौट गर्ने र सम्मान गरी मनाउने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**प्रस्ताव नं. ४ : प्रदेश सरकार सशर्त योजनाहरु सिफारिस गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ४ :** यस नगरपालिकाका लागि आवश्यक पर्ने सशर्त तर्फका योजनाहरु कर्णाली प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ ले तोकेबमोजिम नगरपालिकाले छनौट गरि पठाउने र प्रत्येक वडाहरुले समेत आवश्यक योजनाहरु छनौट गरि मंसिर मसान्तसम्म माग गरी पठाउने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**प्रस्ताव नं. ५ : नगरपालिकाको संगठन संरचना ब्यबस्थापन सर्भेक्षण प्रतिबेदन सम्बन्धमा ।**

**निर्णय नं. ५ :** यस भेरीगंगा नगरपालिकाको संगठन संरचना ब्यबस्थापन सर्भेक्षण बारे आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : विविध सम्बन्धमा ।**

**निर्णय नं. ६. बिबिध १ :** यस भेरीगंगा नगरपालिकाको पूर्वाधार विकास शाखामा कार्यरत प्राबिधिक कर्मचारी स्वर्गिय बलबहादुर डाँगीको परिवारलाई राहत स्वरुप रु २,००,०००।– (अक्षरुपि दुई लाख रुपैयाँ मात्र) आर्थीक सहायता दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

CamScanner

**निर्णय नं. ६. बिबिध २ :** यस नगरपालिकाको स्वास्थ्य शाखा अन्तर्गत आधारभुत स्वास्थ्य सेवा केन्द्र रातामाटा वडा नं. ०९ मा कार्यरत कर्मचारी अनमी चन्द्रकला खड्काको निबेदन अनुसार मिति २०८१।८।१ गते देखि २०८२।७।३०गते सम्म १ बर्षको असाधारण बेतलवी विदा स्वीकृत गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**निर्णय नं. ६. बिबिध ३ :** यस भेरीगंगा नगरपालिकाको आव २०८२।०८३ को कृषि शाखा अन्तर्गत संघीय सरकारको स्वीकृत बार्षीक कार्यक्रम कार्यान्वयन गर्न संघीय सरकारबाट प्राप्त एक गाँउ एक कृषि प्राबिधिक कार्यक्रम अन्तर्गतको सशर्त बजेट रु १७२००० निकासा भएको उक्त बजेटबाट एक जना कृषि प्राबिधिकको तलबभत्ता ब्ययभार हुने र सो प्राबिधिक सेवा अत्याबश्यक समेत भएकोले उक्त पदका लागि कर्मचारी करार वा ज्यालादारीमा राख्न नगरपालिकालाइ आवश्यक देखिएकोले बिगत ६ महिना देखि भोलेन्टीएर रुपमा निशुल्क सेवा दिदै आएका जिल्ला कालिकोट खाँडाचक्र नगरपालिका बस्ने उत्तम शाहीले कृषि नायब प्राबिधिक सहायक पदमा नियुक्ती पाँउ भनी मिति २०८२।०४।०४ मा निबेदन समेत दिनुभएको र उक्त निबेदन नगरकार्यपालिकामा समेत पेश भएको साथै भेरीगंगा नगरपालिकाको मैनतडा रामघाट र लेखपराजुल क्षेत्रमा कृषि तथा पशु सेवाकेन्द्र स्थापना गर्ने भनी नगरसभाले गरेको निर्णयलाइ समेत मध्यनजर गर्दै सेवाकेन्द्रमा जनशक्ति समेत नभएको अवस्था हुँदा र सो अत्याबश्यक प्राबिधिक सेवा समेत भएको सन्दर्भमा निजको निबेदनउपर कार्यपालिका बैठकमा ब्यापक छलफल हुँदा निजलाइ उक्त सशर्त बजेटबाट तलवभत्ता भुक्तानी हुनेगरी कृषि नायब प्राबिधिक सहायक पदमा २०८२।०८।०१ देखि लागु हुने गरी करार ज्यालादारी पदमा प्रमुख प्रशासकीय अधिकृतबाट संझौता प्रकृया अघी बढाउने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

CamScanner